नेपाल सरकार
गृह मन्त्रालय
# इलाका प्रशासन कार्यालय
सुक्लाफाँटा, कञ्चनपुर
(शुक्लाफाँटा)

फोन नं. ०३१ ५६००८१
फयाक्स ०३१ ५६०३८१
Email :aaokanchanpur@gmail .com

कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नु होला ।

पत्र संख्या : ०७७/०७८
चलानी नं.:-

मिति :- २०७७/१२/११



६.अर्को विहेको अवस्थामा :- दुवैजनाको अघिल्लो विहेको सम्वन्ध विच्छेद दर्ता प्रमाण वा मृत्यु दर्ता प्रमाण सहित हालको पति वा पत्नीको नागरिकता र विवाह दर्ता प्रमाण समेत ।

७. उमेर वढि भएकाको हकमा :- वंशज खुल्ने कागजात भएको तर नागरिकता प्राप्तीको स्वाभाविक अवधि नाघेको अवस्थामा जनप्रतिनीधि सहित कम्तीम ५ जना नागरिकता वाहकको रोहवर राखि हालसम्म नागरिकता नलिनुको कारण तथा वंशज र जन्म सम्वन्धि विवरण खुलाइ वडा मुचुल्का गरी पठाउने । ( नागरिकता प्राप्तीको अस्वभाविक अवधि भन्नाले नागरिकता प्राप्त गर्ने उमेर पुगे देखि करिव १० वर्ष वितिसक्दा पनि नागरिकता नलिएको ।)

८. वंशज पहिचान गर्ने प्रमाण नभएका तथा अस्वाभाविक उमेर हुदा समेत नागरिकताको प्रमाण नलिएकाहरुको हकमा थप प्रमाण लगायत प्रहरी मार्फत समेत वुझ्न सकिने ।

९.सनाखत गर्ने व्यक्ति : निवेदकको वावु वा आमा हुनुपर्ने । वावु वा आमा नभएमा आफ्नो वंशजतर्फका तिन पुस्ता भित्रको नाता खुल्ने फोटो सहितको नाता प्रमाण पत्र र निजहरुको नागरिकता ।
नगरिकता नलिदै विवाह भएकी नेपाली महिलाको हकमा पति वा नाता प्रमाणपत्र सहित ससुरा वा सासु वा जेठाजु वा देवर ।

१०.बिभिन्न प्रमाण पत्रको विवरण फरक परेमा एउटै व्यक्ति हो भनी गरिएको सिफारिश पत्र ।

११.कुमारी, बहादुर जस्ता शब्द लगायत कुनै पनि शब्दहरु छोटकरीमा लेख्न नहुने ।

१२.कालो मसीको मात्र प्रयोग गर्नुपर्ने ।

१३.सारमा मुख्य कागजातहरु :-

क. अनुसूची फारम ( A4 साईजमा अनिवार्य ल्याउनु पर्ने )
ख. वुवा र आमाको नागरिकता ( सक्कल सहित )
ग. जन्मदर्ता प्रमाण पत्र ( सक्कल सहित )
घ. SLC / SEE को प्रमाण पत्र ( सक्कल सहित )
ङ. बुवाको नागरिकतामा उल्लेखित ठेगाना परिवर्तन भएमा वसाइसराइ दर्ता प्रमाण पत्र ( सक्कल सहित )
च. विवाहित भएमा विवाह दर्ता प्रमाण पत्र र पतिको नागरिकता ( सक्कल सहित )
छ. सनाखतमा बुवा वा आमा भन्दा अन्य भएमा तिनपुस्ता भित्रको नाता प्रमाण र नागरिकता (सक्कल सहित )
ज. सम्वन्ध विच्छेद भएमा सम्वन्ध विच्छेद दर्ता प्रमाण र अदालतको निर्णय ( सक्कल सहित )
झ. अस्वाभाविक उमेर वा वंशज पहिचानमा समस्या भएमा वडा मुचुल्का वा प्रहरी सर्जमिन मुचुल्का ( सक्कलै )

२०७७/१२/११
दिनेश कुमार कार्की
प्र. म. शाखा अधिकृत